**मिति २०८२।०८।०३ गते बसेको खाँडादेवी गाउँपालिका, रामेछापको गाउँ कार्यपालिकाको १७८औं बैठकको निर्णय**

**निर्णय नं. १**

खाँडादेवी गाउँपालिका अन्तर्गत प्रदेश सरकारबाट हस्तानतरित समपुरक अनुदान कार्यक्रमहरूः बरबोटे पाटाबारे गरगरे महादेवस्थान सडक स्तरोन्नती र आवासिय विद्यालय भवन निर्माण तथा संघीय सरकारबाट हस्तानतरित समपुरक अनुदान कार्यक्रमको रुपमा चोप्राङ-गोगनपानी खानेपानी तथा सिँचाई योजना कार्यक्रममा समपुरकको लागत साझेदारीमा ३० प्रतिशतको रकम भुलबश अपुग छुट्टीएकाले सबै कार्यक्रममा रकम परिपूर्ती गर्नका लागि गाउँसभाको आगामी हिँउदे अधिवेशनमा अनुमोदन गर्ने र सो कार्यक्रमहरुलाई बोलपत्रको प्रक्रियामा लैजाने गरी कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. २**

खाँडादेवी गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित कार्यक्रम एम्बुलेन्स खरिदका लागि उल्लेखित बजेटमा रही नेपाल सरकारबाट राजश्व छुटको लागि अनुरोध गर्नलाई जिल्ला प्रशासन कार्यालय तथा स्वस्थ्य मन्त्रालयमा पहल गर्ने।

**निर्णय नं. ३**

खाँडादेवी गाउँपालिकाको पशुपंक्षि निकासी करका लागि पूरानो आ.व. को उठेको राजश्व तथा यस बर्षको दर समेतलाई आधार मानी ५०,०००।-(अक्षरेपी पचास हजार रुपैयाँ) लागत कायम गरी सिलबन्दी सूचना प्रकाशन गर्ने।

**निर्णय नं. ४**

खाँडादेवी गाउँपालिकाको जग्गा वडागत कित्तागत विवरण तयार गर्नु आवश्यक भएकाले सोको लागत अनुमान तयार गरी वडागत कित्तागत विवरण तयार गर्नका लागी परामर्श सेवा खरिद गर्नका लागि कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ५**

खाँडादेवी गाउँपालिकाको पूर्व निर्धारित कार्यक्रम जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्डको आयोजनाका लागि खेलकुद मैदानको विषयमा नयाँ ठाउँमा पालिका केन्द्र नजिक विकल्प खोज्दा गोगनपानी ढिस्केचौरमा रहेको खेलकुद मैदानलाई मापदण्ड पूरा गरी व्यवस्थापन तथा विस्तार गरी स्थानीय, उपभोक्ता समिती, खेलकुद विकास समिती समेतको समन्वयमा उक्त स्थानमा प्राविधिक लागत अनुमान गरी कार्य प्रारम्भ गर्ने तथा राष्ट्रपती रनिङ शिल्ड कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ६**

खाँडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिकको कार्यहरूको समिक्षा गरी सो अवधिको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्ने गरि कार्यालयलाई निर्देशन गर्ने ।

**विविधः**

क. खाँडादेवी गाउँपलिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना अनुसार ठेक्का निस्कीसकेको र गत आ.व.को प्रवृती अनुसार बढी परिमाणमा उत्खनन् गरेकाले सो विवरण अनुसार यस वर्षमा पनि उत्खनन गरिएको हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै ठेक्का सम्झौता गर्ने बेला सम्मका लागि नगर प्रहरीलाई तामाकोशी तथा सुनकोशीको किनारमा खटाउने तथा ईलाका प्रहरी कार्यालय चोप्राङलाई समेत अनुरोध गरी गैरकानूनी उत्खनन् रोक्ने ।



खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप

**मिति २०८२।०८।०३ गते बसेको खाँडादेवी गाउँपालिका, रामेछापको गाउँ कार्यपालिकाको १७८औं बैठकको निर्णय**

ख. यस खाँडादेवी गाउँपलिकामा विनियोजित कार्यक्रमको बोलपत्र तथा अन्य सम्झौता गर्नपर्ने अवस्थामा कार्यालयलाई आवश्यक प्रक्रिया पुर्याई सो कार्यक्रमहरूको कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने।

ग. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना प्रणालि तथा विभिन्न संघीय कार्यालयमा खाँडादेवी गाउँपलिकामा ७ वटा मात्र वडा रहेको विवरण प्राप्त भए अनुसार यस खाँडादेवी गाउँपालिकामा ९ वटा वडा रहेकोले सो विवरण अद्यावधिक गरिदिनहुन अनुरोध गर्ने।

घ. स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२।०८।०२ गतेको निर्णयलाई कार्यपालिका वैठक द्वारा अनुमोदन गर्ने।

ङ. खाँडादेवी गाउँपलिकाको प्रशासनिक भवनको वातावरणीय प्रभाव मूल्याङ्कन तथा DPR तयार गर्न प्रारम्भ गर्ने।

खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल